# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६ ] काठमाडौं, कात्तिक ४ गते २०३३ साल [ अतिरिक्ताङ्क २५ (ख)


श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३३ सालको ऐन नं. ४०

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

529

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## महालेखापरीक्षकको पारिश्रमिक, सेवाको शर्त तथा पदावधि ऐन, २०२३ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः महालेखापरीक्षकको पारिश्रमिक, सेवाको शर्त तथा पदावधि ऐन, २०२३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "महालेखापरीक्षकको पारिश्रमिक, सेवा[को] शर्त तथा पदावधि (पहिलो संशोधन) ऐन, २०३३" रहेको छ ।

(२) यस ऐनको दफा ४ र ५, २०३२ साल श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछ र अरू दफाहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. महालेखापरीक्षकको पारिश्रमिक, सेवाको शर्त तथा पदावधि ऐन, २०२३ को दफा २क. मा संशोधनः महालेखापरीक्षकको पारिश्रमिक, सेवाको शर्त तथा पदावधि ऐन, २०२३ (यसपछि "मूल ऐन" भनिएको) को दफा २क. को सट्टा देहायको दफा २क. राखिएको छः–

"२क. निवासस्थान तथा अन्य सुविधाः (१) श्री ५ को सरकारले महालेखापरीक्षकको मासिक पारिश्रमिकबाट सयकडा दशका दरले संचय कोष कट्टा गरी सो कट्टी रकममा शत प्रतिशत थप गरी संचय कोषमा जम्मा गरिदिनेछ ।

(२) महालेखापरीक्षकको विभाग अवस्थित भएको ठाउँमा निजी घर नहुने महालेखापरीक्षकले बसोबासको निमित्त गैर-सरकारी घर बहालमा लिएमा मासिक तीनसय रूपैयाँमा नबढ्ने गरी बहालको रकम श्री ५ को सरकारले व्यहोर्नेछ ।

(३) महालेखापरीक्षकलाई सो पदमा बहाल रहेसम्मको अवधिका लागि निजको आवासमा एक सेट टेलिफोन राख्न जडान खर्च र धरौटी बापत लाग्ने न्यूनतम रकमको सुविधा दिइनेछ । टेलिफोनको अनिवार्य शुल्क बापत प्रतिमास निर्धारित शुल्कको पचहत्तर प्रतिशत श्री ५ को सरकारले व्यहोर्नेछ ।

(४) श्री ५ को सरकारले महालेखापरीक्षकलाई सवारीको निमित्त ड्राइभर सहितको मोटर सुविधा दिनेछ ।

(५) श्री ५ को सरकारबाट कुनै किसिमको भत्ता वा निवृत्तभरण पाई राखेको कुनै व्यक्ति महालेखापरीक्षक नियुक्त भएमा निज सो पदमा बहाल रहेसम्म त्यस्तो भत्ता वा निवृत्तभरण पाउने छैन ।"

122

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल ऐनको दफा ३ मा संशोधनः मूल ऐनको दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः–

"३. महालेखापरीक्षकको दैनिक तथा भ्रमण भत्ता र बीमा खर्चः– महालेखापरीक्षकले आफ्नो ओहदासम्बन्धी काममा नेपाल अधिराज्यभित्र भ्रमण गर्दा निजलाई देहायका दरले भत्ता र बीमा खर्च दिइनेछ :–

(क) दैनिक भत्ताः एक दिनको पारिश्रमिकको आधा,

(ख) भ्रमण भत्ताः हवाईजहाजबाट भ्रमण गर्दा एकजनालाई लाग्ने भाडा,रेल वा बसबाट भ्रमण गर्दा डेढ जनालाई लाग्ने पहिला दर्जाको भाडा, अरू सवारीबाट भ्रमण गर्दा त्यस सम्बन्धमा लाग्ने टिकट खर्च तथा ज्याला र पैदल हिंडनु पर्दा प्रतिकोशको पाँच रूपैयाँ,

(ग) बीमा खर्चः हवाईजहाजबाट भ्रमण गर्दा दुई लाख रूपैयाँको बीमा खर्च ।

४. मूल ऐनको दफा ४ मा संशोधनः मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छः–

"४. निबृत्तभरण र उपदानः (१) कुनै व्यक्ति महालेखापरीक्षकको पदमा नियुक्त भएमा निजले सो पदबाट अवकाश प्राप्त गरेपछि देहायबमोजिम निबृत्तभरण वा उपदान पाउनेछः–

(क) महालेखापरीक्षकको पदमा दश वर्षको सेवा अवधि पूरा गरी सकेको भए आठ सय रूपैयाँ मासिक निबृत्तभरण,

(ख) महालेखापरीक्षकको पदमा दश वर्षको सेवा अवधि पूरा गरी सकेको रहेनछ भने पूरा गरेको जम्मा वर्ष संख्यालाई निजले पाई आएको डेढ महीनाको पारिश्रमिकको अंकले गुणन गर्दा हुन आउने अङ्क बराबरको एकमुष्ट रकमको उपदान।

(२) श्री ५ को सरकारको सेवामा बहाल रहेको वा वहाल गरी सकेको कुनै व्यक्ति महालेखापरीक्षकको पदमा नियुक्त भई निजले सो पदबाट अवकाश प्राप्त गरेपछि देहायबमोजिम निबृत्तभरण वा उपदान पाउनेछः–

(क) महालेखापरीक्षकको पदमा रही काम गरेको अवधिमा श्री ५ को सरकारको सेवामा गरेको कुल सेवा अवधिलाई आधा गरी हुन आउने अवधि जोड्दा दश वर्षको सेवा अवधि पूरा भए आठ सय रूपैयाँका दरले मासिक निबृत्तभरण,

(ख) खण्ड (क) बमोजिम हिसाब गर्दा दश वर्ष पूरा नहुने रहेछ भने जति वर्ष पूरा भएको छ सो पूरा गरेको वर्ष संख्यालाई निजले पाई आएको डेढ महीनाको पारिश्रमिकको अंकले गुणन गर्दा हुन आउने अङ्क बराबरको एकमुष्ट रकमको उपदान ।

तर, अघि श्री ५ को सरकारको सेवा गरे बापत निबृत्तभरण पाई रहेको व्यक्तिले महालेखापरीक्षकको पदमा सेवा गरे बापत यस खण्ड बमोजिमको उपदान पाउनेछैन ।

(३) श्री ५ को सरकारको सेवा गरे बापत उपदान पाई सकेको कुनै व्यक्ति महालेखापरीक्षकको पदमा नियुक्त भएमा निजले त्यसरी नियुक्त भएको एक वर्षभित्र आफूले अघि पाएको उपदानको पूरा रकम फिर्ता गरेमा मात्र निजले श्री ५ को सरकारमा गरेको सेवा अवधि उप-दफा (२) बमोजिम जोडिनेछ ।

(४) यस दफा बमोजिम पाउने उपदानको रकम पच्चीस हजार रूपैयां भन्दा बढी हुने छैन ।

(५) श्री ५ को सरकारबाट निबृत्तभरण पाई राखेको कुनै व्यक्ति महालेखापरीक्षक नियुक्त भई यस ऐनबमोजिम पनि निबृत्तभरण पाउन सक्ने भएमा निजले अघिदेखि पाई रहेको निबृत्तभरण र यस ऐनबमोजिम पाउने निबृत्तभरणमध्ये कुनै एक रोज्न सक्नेछ ।"

५. मूल ऐनको दफा ५ मा संशोधनः– मूल ऐनको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः–

"५. पारिवारिक निबृत्तभरण र उपदानः– (१) देहायका अवस्थामा देहायका अवधिसम्मका लागि महालेखापरीक्षकको परिवारको सदस्यहरूमध्ये निजले इच्छाएको व्यक्तिलाई र त्यस्तो इच्छाएको व्यक्तिको मृत्यु भएमा वा त्यसरी नइच्छाएकोमा निजको परिवारका सदस्यहरूमध्ये नजिकको हकदारलाई यस ऐनबमोजिमको निबृत्तभरण दिइनेछः–

(क) महालेखापरीक्षक पदमा बहाल छँदै निजको मृत्यु भएमा मृत्यु भए-देखि सात वर्षसम्म,

(ख) निबृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै निजको मृत्यु भएमा सो सात वर्ष नपुगेको बाँकी अवधिसम्म ।

(२) पदमा बहाल छँदै महालेखापरीक्षकको मृत्यु भएमा दफा ४ बमोजिम निबृत्तभरण पाउने नभई उपदानसम्म पाउने रहेछ भने सो उपदानको रकम निजको परिवारका सदस्यहरूमध्ये उप-दफा (१) बमोजिमको व्यक्तिले पाउनेछ ।"

६. मूल ऐनको दफा ७ मा संशोधनः– मूल ऐनको दफा ७ को उप-दफा (४) को सट्टा देहायको उप-दफा (४) राखिएको छः– 828

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(४) महालेखापरीक्षकले प्रत्येक साल पन्ध्र दिनका दरले पारिश्रमिक सहितको बिरामी बिदा पाउन सक्नेछ । त्यस्तो बिरामी बिदा नलिएको संचित हुँदै जानेछ र कुनै ठूलो र कडा रोग लागी स्वीकृत चिकित्सकको प्रमाण-पत्र पेश गरेमा बिरामी बिदा बाँकी नभए दुई महीनासम्म पारिश्रमिक सहितको र त्यस्तो पारिश्रमिक सहितको थप बिरामी बिदा लिई सकेपछि एक पटकमा चार महीनासम्म र सेवाको अवधिभरमा जम्मा बाह्र महीनामा नबढ्ने गरी बिना पारिश्रमिकको बिरामी बिदा पाउन सक्नेछ ।

तर, त्यसरी पारिश्रमिक सहितको थप बिरामी बिदा लिंदा प्रत्येक दुई दिन थप बिरामी बिदा बापत एक दिनका दरले घर बिदा कट्टा गरिनेछ ।"

७. मूल ऐनमा दफा ७क. थप:– मूल ऐनको दफा ७ पछि देहायको दफा ७क. थपिएको छ:–

"७क. उपचार खर्च:– (१) महालेखापरीक्षक बिरामी भई उपचार गराउँदा लागेको देहायको खर्चको नब्बे प्रतिशत निजले उपचार खर्च बापत पाउनेछ:–

(क) अस्पतालमा भर्ना हुँदा वा अस्पतालमा उपचार गराउँदा लागेको अस्पतालको बील बमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेसक्रिप्शन बमोजिम खरीद गरेको औषधि खर्च ।

(ख) अस्पताल नभएको ठाउँमा वा अस्पताल भए पनि अस्पतालमा भर्ना हुन नपर्ने वा भर्ना हुन नसकेको अवस्थामा वा अस्पतालमा भर्ना भई अस्पतालबाट निस्केपछि पनि रोगको उपचारको निमित्त कुनै दर्तावाला वा स्वीकृत योग्यता प्राप्त डाक्टर, कविराज, वैद्य वा हेल्थ असिष्टेण्टले जाँच गर्दा लिएको फी र जाँच गरी लेखिदिएको प्रेसक्रिप्शन अनुसार खरीद गरेको औषधि खर्च ।

(ग) प्लाष्टिक सर्जरी बाहेक सबै किसिमको चिरफार (सरजिकल अपरेशन) गर्दा लागेको बील बमोजिमको खर्च ।

तर, साधारणतया अस्पताल भएको ठाउँमा निजी र्नासिङ्ग होममा चिरफार गरेको खर्च भने दिइनेछैन ।

(घ) चश्मा, दाँत, एअरफोन आदि उपकरणको लागि श्री ५ को सरकारले समय समयमा आदेश जारी गरी तोकिदिएको हदसम्मको रकमको लागेको बील बमोजिमको खर्च ।

(२) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक पटकमा दुईसय रूपैयाँभन्दा घटी खर्च भएकोमा उपचार खर्च दिइनेछैन र कुल सरकारी सेवा अवधिभर महालेखापरीक्षकले पाउने नौ महीनाको पारिश्रमिकभन्दा बढी रकमको उपचार खर्च दिइनेछैन । ८२५

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) नेपाल अधिराज्यभित्र औषधि उपचार हुन नसक्ने भनी श्री ५ को सरकारद्वारा नियुक्त चिकित्सकहरूको समितिले सिफारिश गरेको महालेखापरीक्षकले विदेशमा गई उपचार गराउन चाहेमा निजलाई उप-दफा (१) बमोजिम पाउने उपचार खर्चको अतिरिक्त श्री ५ को सरकारले उचित ठहराएमा थप आर्थिक सहायता दिन सक्नेछ।

(४) यस दफा बमोजिम औषधि उपचार गराए बापत पाउने उपचार खर्च लिन नपाउँदै महालेखापरीक्षकको मृत्यु भएमा निजको परिवारको सदस्यहरूमध्ये दफा ५ बमोजिम निवृत्तभरण पाउने ठहरिएको व्यक्तिले सो उपचार खर्च लिन पाउनेछ।"

८. मूल ऐनमा दफा ८क. र ८ख. थप:– मूल ऐनको दफा ८ पछि देहायको दफा ८क. र ८ख. थपिएका छन्:–

"८क. थप सुविधा:– (१) भईपरी आउने बिदा बाहेक अन्य कुनै पनि बिदा नलिई तीन वर्ष बिताइसकेको महालेखा परीक्षकले आफूले पकाएको घर बिदामा आफ्नो घर जाँदा र घरबाट फर्कंदा यो ऐनबमोजिम निजले पाउने दैनिक तथा भ्रमण भत्ताको आधाको दरले दैनिक तथा भ्रमणभत्ता पाउनेछ।

तर, परिवारका सदस्यले दैनिक तथा भ्रमण भत्ता पाउनेछैन।

(२) महालेखापरीक्षकले आफ्नो पदबाट अवकाश प्राप्त गर्दा वा स्वीकृत गराई राजीनामा गर्दा निजको संचित रहेको घर बिदा र बिरामी बिदाको तलव निजले सो बखतमा खाई पाई राखेको तलवको दरले एकमुष्ट पाउनेछ। बहाल छँदै मृत्यु भएकोमा पनि त्यस्तो तलव, निबृत्तभरण वा उपदान पाउने निजको परिवारका सदस्यले पाउनेछ।

८ख. बाटो म्याद:–महालेखापरीक्षकले घर बिदामा घर जाँदा र घर बिदा भुक्तान गरी घरबाट महालेखापरीक्षकको विभागमा हाजिर हुन आउँदा वर्षको एक पटक पैदलको बाटोलाई आठ कोशको निमित्त एक दिनको दरले तथा रेल,बस, हवाई-जहाजको बाटोलाई जति दिन लाग्ने हो त्यति दिन बाटो म्याद पाउनेछ। तर घर बिदामा घर नगई अन्यत्र जान वा बस्नको निमित्त बाटो म्याद दिइनेछैन। बाटो म्याद दिंदा सबैभन्दा छिटो साधनद्वारा सबैभन्दा छोटो बाटोको दिइनेछ र आउँदा जाँदा वास्तविक लागेको दिनभन्दा बढी दिइनेछैन।"

९. विशेष व्यवस्था:– २०३२ साल श्रावण १ गतेदेखि यो ऐन प्रारम्भ हुनुभन्दा अघिल्लो मितिसम्मको अवधिभित्र बहाल रहेको महालेखापरीक्षकले आफ्नो पदबाट अवकाश प्राप्त गर्दा दफा ४ बमोजिम पाउने निवृत्तभरण वा देहायबमोजिम हिसाबगरी पाउने निबृत्तभरणमध्ये कुनै एक रोज्न पाउनेछ:–

६२५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) महालेखापरीक्षकको पदमा अटूट सेवा गरेको कुल वर्ष संख्यालाई आठ सयले गुणन गर्दा हुन आउने अङ्क बराबरको वार्षिक निबृत्तभरण,

(ख) श्री ५ को सरकारको सेवामा बहाल रहेको कुनै व्यक्ति महालेखापरीक्षकको पदमा नियुक्त भएको भए सो सेवामा रहँदाको निजको निबृत्तभरणसम्बन्धी हक कायम नै रही त्यसमा खण्ड (क) बमोजिम थप निबृत्तभरण,

तर, खण्ड (क) वा (ख) बमोजिम पाउने निबृत्तभरणको उपल्लो हद वार्षिक नौ हजार छसय रूपैयाँभन्दा बढी हुने छैन ।

लालमोहर सदर मितिः– २०३३।७।४।४

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।